# मध्यपश्चिम विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
सुर्खेत, नेपाल

## दोस्रो दीक्षान्त समारोहमा सहभागी हुन फाराम भर्ने म्याद थप सहित संशोधित सूचना

(सूचना प्रकाशित मिति : २०७८/११/१३)

मध्यपश्चिम विश्वविद्यालयको दोस्रो दीक्षान्त समारोहमा सहभागी हुन यस विश्वविद्यालय अन्तर्गतका मानविकी र सामाजिक शास्त्र सङ्काय, व्यवस्थापन सङ्काय, शिक्षा शास्त्र सङ्काय, विज्ञान तथा प्रविधि सङ्काय र इन्जिनियरिङ सङ्कायबाट मिति २०७८ साल फागुन १८ गते (March 2, 2022) सम्म स्नातक, स्नातकोत्तर, दर्शनाचार्य (M.Phill.) तह उत्तीर्ण गरी ट्रान्सक्रिप्ट लिएका एवं सोही अवधिभित्र विद्यावारिधि (Ph.D.) तह पूरा गरेका इच्छुक विद्यार्थीहरूले परीक्षा व्यवस्थापन कार्यालयद्वारा वितरण गरिएको आवेदन फाराम भरी मिति २०७८ साल फागुन २० गते (March 4, 2022) साँझ ५:०० बजेसम्म बुझाउनुहुन सूचित गरिन्छ ।

**आवेदन फारामसँगै बुझाउनुपर्ने आवश्यक कागजातहरू:**

(१) स्वदेशी विद्यार्थीको हकमा नेपाली नागरिकताको प्रमाणपत्र र विदेशी विद्यार्थीको हकमा राहदानीको प्रतिलिपि एक प्रति ।

(२) ट्रान्सक्रिप्टको प्रतिलिपि एक प्रति ।

(३) MRP साइजको फोटो दुई प्रति ।

(४) नेपाल बङ्गलादेश बैंक, सुर्खेत शाखामा रहेको यस मध्यपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन कार्यालयको खाता नं. 028004311C मा तोकिएको शुल्क जम्मा भएको सक्कल भौचर ।

- दीक्षान्त समारोहमा सम्मिलित हुन चाहने विद्यार्थीहरूले निम्नानुसार शुल्क जम्मा गर्नुपर्नेछ ।

| तह | दीक्षान्त शुल्क | प्रमाणपत्र शुल्क | गाउन/स्कार्फ धरौटी | जम्मा रु. |
|---|---|---|---|---|
| स्नातक | ९००/- | १,२५०/- | १,०००/- | ३,१५०/- |
| स्नातकोत्तर र दर्शनाचार्य | ९००/- | १,७५०/- | १,०००/- | ३,६५०/- |
| विद्यावारिधि | ९००/- | २,२५०/- | १,०००/- | ४,१५०/- |

- दीक्षान्त समारोहमा एक जना अभिभावक सरिक गराउन सकिनेछ ।
- मिति २०७८ फागुन ३ गतेअघि आवेदन दिएका विद्यार्थीहरूको हकमा समेत उपरोक्त बमोजिमको शुल्क लागू हुनेछ । तसर्थ विद्यार्थीहरूले जम्मा गरेको बढी हुन आउने रकम दीक्षान्त समारोह पश्चात् गाउन धरौटी फिर्ता गर्दा सँगै प्रदान गरिनेछ ।
- दीक्षान्त समारोहको विस्तृत कार्यक्रमबारे जानकारी पछि सूचना प्रकाशित गरिनेछ ।
- थप जानकारीका लागि सम्पर्क नं. ०८३-५२३७९२, ०८३-५२१७५९, मोबाइल नं. ९८४१६४९८९९

**परीक्षा व्यवस्थापन प्रमुख**
**मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत**